# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, फागुन १५ गते, २०७८ साल (अतिरिक्ताङ्क ४३


## भाग २

### प्रदेश सरकार

## आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८।११।१५ मा स्वीकृत भएको "प्रदेश सहकारी (दोस्रो संशोधन) नियमावली, २०७८" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### प्रदेश सहकारी (दोस्रो संशोधन) नियमावली, २०७८

प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सहकारी ऐन, २०७६ को दफा १०६ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सहकारी (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ को नियम १ मा संशोधनः** प्रदेश नं. ५, सहकारी नियमावली, २०७६ (यस पछि मूल नियमावली भनिएको) को नियम १ को,-

(१) उपनियम (१) मा रहेका "प्रदेश नं. ५," भन्ने शब्दको सट्टा "प्रदेश" राखिएको छ।

३. **मूल नियमावलीको नियम २ मा संशोधन:** मूल नियमावलीको नियम २ को,-

(१) खण्ड (क) मा रहेका "प्रदेश नं. ५," भन्ने शब्दको सट्टा "प्रदेश" राखिएको छ।

४. **मूल नियमावलीको नियम २० मा संशोधन:** मूल नियमावलीको नियम २० को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको कोषमा राखेको रकम वितरणको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय — अध्यक्ष

(ख) सचिव, मन्त्रालय सदस्य

(ग) सचिव, प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सदस्य

(घ) सचिव, प्रदेश सरकारको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सदस्य

(ङ) कार्यकारी उपाध्यक्ष, बोर्ड सदस्य

(च) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय सदस्य

(छ) दर्ता अधिकारी, सहकारी दर्ता अधिकारीको कार्यालय सदस्य

(ज) प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय सदस्य सचिव"

५. **मूल नियमावलीको नियम ४४ मा संशोधन:** मूल नियमावलीको नियम ४४ को सट्टा देहायको नियम ४४ राखिएको छः-

"४४. **बोर्डको गठनः** (१) ऐनको दफा ८८ बमोजिम प्रदेश सरकारले प्रदेशमा एक बोर्ड गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिम गठन हुने बोर्डमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्ः-

(क) मन्त्री, मन्त्रालय अध्यक्ष

(ख) राज्यमन्त्री, मन्त्रालय सहअध्यक्ष

(ग) प्रदेश सरकारबाट नियुक्त व्यक्ति कार्यकारी उपाध्यक्ष

(घ) सचिव, मन्त्रालय सदस्य

(ङ) सचिव, प्रदेश सरकारको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालय — सदस्य

(च) सचिव, प्रदेश सरकारको वन तथा वातावरण विषय हेर्ने मन्त्रालय — सदस्य

(छ) सचिव, प्रदेश सरकारको कृषि/पशुपन्छी विषय हेर्ने मन्त्रालय — सदस्य

(ज) सचिव, प्रदेश सरकारको उद्योग विषय हेर्ने मन्त्रालय — सदस्य

(झ) सदस्य, प्रदेश योजना आयोग — सदस्य

(ञ) प्रदेश सरकारबाट मनोनित कम्तीमा दुई जना महिला सहित तीन जना सहकारीकर्मी — सदस्य

(ट) प्रदेश सरकारबाट मनोनित एक जना सहकारी उद्यमी — सदस्य

(ठ) अध्यक्ष, प्रदेश सहकारी संघ — सदस्य

(ड) दर्ता अधिकारी, सहकारी दर्ता अधिकारी कार्यालय — सदस्य

(ढ) अधिकृत प्रतिनिधि, नेपाल राष्ट्र बैंङ्क — सदस्य

(ण) अध्यक्षबाट मनोनित एक जना सहकारी विज्ञ — सदस्य

(त) अध्यक्षबाट मनोनित मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा चार्टर एकाउन्टेन्ट विषय उत्तीर्ण गरी कम्तीमा

दुई वर्षको अनुभव प्राप्त एक जना चार्टर एकाउन्टेन्ट
सदस्य

(थ) प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय
सदस्य सचिव

(३) बोर्डको बैठकमा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालयका सचिव, अन्य कर्मचारी तथा पदाधिकारीलाई आमन्त्रित गर्न सकिनेछ।

(४) बोर्डको सचिवालय मन्त्रालयमा रहनेछ।"

६. **मूल नियमावलीको नियम ४७ मा संशोधन:** मूल नियमावलीको नियम ४७ को सट्टा देहायको नियम ४७ राखिएको छः-

"४७. **कार्यकारी उपाध्यक्ष तथा सदस्यको पदावधि र सुविधाः** (१) नियम ४४ को उपनियम (२) बमोजिम नियुक्त र मनोनित हुने कार्यकारी उपाध्यक्ष र सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु थप एक कार्यकालको लागि पुनः नियुक्त र मनोनित हुन सक्नेछन्।

(२) उपनियम (१) बमोजिम नियुक्त कार्यकारी उपाध्यक्षले प्रदेश सरकारको अधिकृतस्तर एघारौं तहको कर्मचारीले पाउने शुरु तलव बराबरको पारिश्रमिक तथा सेवा सुविधा पाउनेछ।

(३) उपनियम (१) बमोजिम मनोनित हुने सदस्यहरुले बोर्डको बैठकमा सहभागी हुँदा नियमानुसार बैठक भत्ता र प्रदेश राजधानी बाहिरबाट आउने बोर्डका सदस्यहरुको हकमा प्रचलित कानून बमोजिम प्रदेश सरकारका अधिकृतस्तर सातौं तहले पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च पाउनेछन्।

(४) उपनियम (१) बमोजिमका प्रदेश सरकारबाट नियुक्त तथा मनोनित हुने कार्यकारी उपाध्यक्ष र सदस्यहरु वा अध्यक्षबाट

मनोनित हुने सदस्यहरुलाई निजको कार्यसम्पादन सन्तोषजनक नभएमा वा खराव आचरण गरेमा निजहरुलाई पदावधि पूरा नहुँदै प्रदेश सरकार वा अध्यक्षले पदबाट हटाउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम पदबाट हटाउनु पूर्व निजहरुलाई सफाई पेश गर्ने मौंका दिनु पर्नेछ।"

७. **<u>मूल नियमावलीको नियम ४८ मा संशोधन:</u>** मूल नियमावलीको नियम ४८ को सट्टा देहायको नियम ४८ राखिएको छः-

"४८. **<u>कार्यकारी उपाध्यक्ष तथा सदस्यहरुको योग्यताः</u>**

(१) नियम ४४ को उपनियम (२) बमोजिम नियुक्त तथा मनोनित हुने कार्यकारी उपाध्यक्ष र सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) कार्यकारी उपाध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह वा सोसरह उत्तीर्ण गरी सहकारीको क्षेत्रमा कम्तीमा सात वर्ष कामको अनुभव भएको,

(ङ) सदस्यहरुको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा दश जोर दुई वा सोसरह उत्तीर्ण गरी सहकारी क्षेत्रमा कम्तीमा पाँच वर्ष कामको अनुभव भएको,

तर नियम ४४ को उपनियम (२) बमोजिम मनोनित हुने महिला सदस्य र सहकारी उद्यमी सदस्यको हकमा कम्तीमा एस.ई.ई.वा सो सरहको शैक्षिक योग्यता प्राप्त भएका व्यक्तिलाई सदस्य पदमा मनोनित गर्न बाधा पर्ने छैन।

(च) प्रचलित कानूनले अयोग्य नठहरिएको।"

८. **<u>मूल नियमावलीमा नियम ४८क.थपः</u>** मूल नियमावलीको नियम ४८ पछि देहायको नियम ४८क.थप गरिएको छः-

"४८क. **<u>कार्यकारी उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको सचिवालयमा उपस्थित भई दैनिक प्रशासनिक कामकारबाही सञ्चालन गर्ने गराउने,

(ख) बोर्डको स्वीकृत वार्षिक बजेटको सीमाभित्र रही वार्षिक कार्यक्रम तथा कार्ययोजना तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,

(ग) अध्यक्षको अनुमति लिई बोर्डको बैठकको कार्यसूचि निर्धारण गर्ने तथा बैठकको सूचना सदस्य सचिव मार्फत सदस्यहरुलाई दिने,

(घ) सहकारीको माध्यमबाट सहकारी संघ संस्थाहरुको प्रवर्द्धन एवम् विकासको लागि आवश्यक नीति तर्जुमा गरी बोर्डको बैठकमा पेश गर्ने,

(ङ) सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमा गरी बोर्डमा पेश गर्ने,

(च) सहकारी विकास कोष परिचालन गर्न सहकारी विकास कोष सञ्चालक समितिसँग आवश्यक समन्वय गर्ने,

(छ) सहकारी संघ संस्थाहरुको अनुगमन तथा निरीक्षण गर्ने गराउने,

(ज) सहकारीको विकास सम्बन्धमा आवश्यक अनुसन्धानात्मक कार्य गरी बोर्ड समक्ष प्रतिवेदन पेश गर्ने,

(झ) राष्ट्रिय सहकारी विकास बोर्डसँग आवश्यक समन्वय गर्ने गराउने,

(ञ) प्रदेश सरकार, मन्त्रालय तथा बोर्डले तोकेका अन्य कार्य गर्ने।"

९. **मूल नियमावलीको नियम ५३ मा संशोधन:** मूल नियमावलीको नियम ५३ को,-

(१) उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) अधिकृतस्तर प्रतिनिधि(नवौं/दशौं  तह वा सो सरह) शासकीय शुधार

तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्य"

(२) उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छः-

"(घ१) दर्ता अधिकारी, सहकारी दर्ता अधिकारीको कार्यालय

सदस्य"

प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णय मिति २०७८।११।१५

**आज्ञाले,**
**नारायण प्रसाद सापकोटा**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय